# गुराँस राजपत्र

## गुराँस गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः १०** **संख्याः २३** **मितिः २०८३।०५।१६**

**भागः २**


**गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# एक वडा एक उद्योग स्थापना तथा सञ्चालन कार्यविधि, २०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले एक वडा एक उद्योग स्थापना तथा सञ्चालन कार्यविधि, २०८३ जारी गरेको छ ।

# गुराँस गाउँपालिका

## एक वडा एक उद्योग स्थापना तथा सञ्चालन कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०५/१०
प्रमाणीकरण मितिः २०८३/०५/१५

**प्रस्तावना**

गुराँस गाउँपालिकाभित्र उपलब्ध प्राकृतिक, भौतिक एवं मानवीय स्रोत र साधनको अधिकतम उपयोग गरी स्थानीय स्तरमा स्वरोजगारका अवसरहरू सिर्जना गर्न, साना, घरेलु तथा लघू उद्यमको प्रवर्द्धन गर्न र गाउँपालिकालाई आत्मनिर्भर अर्थतन्त्रतर्फ उन्मुख गराउन आवश्यक भएकोले;

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) बमोजिम प्राप्त अधिकार तथा गाउँ कार्यपालिकाको निर्णय अनुसार गुराँस गाउँपालिकाले **"एक वडा एक उद्योग स्थापना तथा सञ्चालन कार्यविधि, २०८३"** तर्जुमा गरी लागू गरेको छ।

### परिच्छेद – १: प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम **"गुराँस गाउँपालिका एक वडा एक उद्योग स्थापना तथा सञ्चालन कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि गुराँस राजपत्रमा प्रकाशन भएको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि गुराँस गाउँपालिकाको सम्पूर्ण वडा क्षेत्रभित्र लागू हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

१. **"गाउँपालिका"** भन्नाले गुराँस गाउँपालिका सम्झनु पर्छ।

२. **"गाउँ सभा"** भन्नाले गुराँस गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ।

३. **"गाउँ कार्यपालिका"** भन्नाले गुराँस गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

४. **"अध्यक्ष"** तथा **"उपाध्यक्ष"** भन्नाले गुराँस गाउँपालिकाको अध्यक्ष तथा उपाध्यक्ष सम्झनु पर्छ।

५. **"वडाध्यक्ष"** भन्नाले सम्बन्धित वडाको वडाध्यक्ष सम्झनु पर्छ।

६. **"समिति"** भन्नाले परिच्छेद-६ बमोजिम गठित "एक वडा एक उद्योग निर्देशक समिति" सम्झनु पर्छ।

७. **"उद्योग"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई वा दर्ता हुने प्रक्रियामा रही कृषि, वन, पशुपालन, पर्यटन, हस्तकला, उत्पादन वा सेवामूलक क्षेत्रमा सञ्चालन गरिने साना, घरेलु तथा लघू उद्यम/उद्योग सम्झनु पर्छ।

८. **"उद्यमी"** भन्नाले यस कार्यविधि बमोजिम उद्योग स्थापना र सञ्चालन गर्ने व्यक्ति, समूह, फर्म, उद्यमी समूह वा सहकारी संस्था सम्झनु पर्छ।

९. **"बीउ पुँजी/अनुदान"** भन्नाले उद्योग सञ्चालन, प्रवर्द्धन वा पूर्वाधार निर्माणका लागि गाउँपालिकाले उपलब्ध गराउने वित्तीय वा प्राविधिक सहयोग सम्झनु पर्छ।

## परिच्छेद – २: उद्देश्य, मार्गदर्शक सिद्धान्त तथा प्राथमिकता

### ३. उद्देश्य

यस कार्यविधिको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहनेछन्:

१. **स्थानीय कच्चा पदार्थको उपयोग:** गाउँपालिकाका विभिन्न वडाहरूमा उपलब्ध स्थानीय कच्चा पदार्थ, सीप र प्रविधिको अधिकतम प्रयोग गरी उत्पादनमूलक उद्योगको विकास गर्ने।

२. **रोजगार सिर्जना:** स्थानीय युवा, महिला, विपन्न, दलित, जनजाति तथा वैदेशिक रोजगारबाट फर्केका नागरिकहरूलाई स्वरोजगार एवं रोजगारीको अवसर सिर्जना गर्ने।

३. **आत्मनिर्भर अर्थतन्त्र:** आयात प्रतिस्थापन गरी स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने र गाउँपालिकालाई आर्थिक रूपमा आत्मनिर्भर बनाउने।

४. **वडागत विशिष्टीकरण:** प्रत्येक वडाको भौगोलिक, वातावरणीय र स्रोतको उपलब्धताका आधारमा "एक वडा, एक विशिष्ट उद्योग" को अवधारणा साकार पार्ने।

### ४. मार्गदर्शक सिद्धान्तहरू

यो कार्यविधि कार्यान्वयन गर्दा देहायका सिद्धान्तहरूलाई पालना गरिनेछ:

१. **समावेशी र समतामूलक विकास:** लक्षित वर्ग (महिला, विपन्न, दलित, अपाङ्गता भएका व्यक्ति तथा पछाडि पारिएका समुदाय) को प्राथमिकतायुक्त सहभागिता।

२. **दिगो तथा वातावरणमैत्री उत्पादन:** वातावरणीय सन्तुलन कायम राख्दै जैविक तथा नवीकरणीय स्रोतको प्रयोगमा जोड।

३. **सार्वजनिक–निजी–सहकारी साझेदारी:** स्थानीय समुदाय, निजी क्षेत्र र सहकारी संस्थाहरूको सहकार्य र साझेदारी।

४. **पारदर्शिता र जवाफदेहिता:** अनुदान, छनोट र अनुगमन प्रक्रियालाई पूर्ण रूपमा पारदर्शी र उत्तरदायी बनाउने।

## परिच्छेद – ३: उद्योगको पहिचान, वर्गीकरण तथा वडागत नक्सांकन

### ५. सम्भावित उद्योगको वर्गीकरण

यस कार्यक्रम अन्तर्गत देहायका क्षेत्रसँग सम्बन्धित उद्योगहरूलाई प्रवर्द्धन गरिनेछ:

| क्र.सं. | उद्योगको क्षेत्र | सम्भावित उत्पादन तथा सेवाहरू |
|---|---|---|
| १ | कृषि तथा वन पैदावार आधारित | ओखर, सुन्तला, अदुवा, हलुवाबेद, अम्रिसो (कुचो), टिमुर प्रशोधन, जडीबुटी प्रसोधन, गुन्द्रुक तथा अचार उद्योग, काठ तथा बाँसका सामाग्री। |
| २ | पशुपालन तथा दुग्ध आधारित | दुग्ध संकलन तथा प्रशोधन (छुर्पी, घिउ, पनीर), पशुपन्छी दाना उद्योग, मासु प्रशोधन, उन तथा छालाजन्य उत्पादन। |
| ३ | हस्तकला तथा साना उत्पादन | ढाका बुनाई, सिउँदा/सिलाई कढाई, आरन सुधार एवं औजार निर्माण, माटोका भाँडा, डोको-डालो तथा बेतबाँस निर्माण। |
| ४ | पर्यटन तथा सेवामूलक | होमस्टे (सामुदायिक/निजी), स्थानीय परिकार प्रवर्द्धन केन्द्र, पदमार्ग सहयोगी सेवा, सांस्कृतिक सङ्ग्रहालय सञ्चालन। |
| ५ | निर्माण तथा अन्य | स्थानीय ढुङ्गा/टायल कटिङ, ब्लक उद्योग, प्राङ्गारिक (जैविक) मल उत्पादन उद्योग। |

### ६. वडागत उद्योग नक्सांकन (Ward Mapping)

(१) गाउँपालिकाले प्रत्येक वडाको सम्भाव्यता अध्ययन (Feasibility Study) गरी वडागत रूपमा विशिष्ट उद्योगको पहिचान गर्नेछ।

(२) सम्बन्धित वडा समितिले स्थानीय सरोकारवालाहरूसँग छलफल गरी आफ्नो वडाको लागि उपयुक्त हुने कम्तीमा १ (एक) मुख्य उद्योग र १ (एक) सहायक उद्योगको प्रस्ताव गाउँपालिकामा पेस गर्नेछ।

## परिच्छेद – ४: दर्ता, छनोट तथा सञ्चालन प्रक्रिया

### ७. योग्यता र पात्रता

यस कार्यक्रम अन्तर्गत अनुदान वा सुविधा प्राप्त गर्न देहायका शर्तहरू पूरा भएको हुनुपर्नेछ:

१. आवेदन पेस गर्ने व्यक्ति गुराँस गाउँपालिकाको स्थायी निवासी हुनुपर्ने वा संस्थाको हकमा गाउँपालिकाभित्र दर्ता/नवीकरण भएको हुनुपर्ने।

२. उद्यमी वा संस्थाको नाममा स्थायी लेखा नम्बर (PAN) र उद्योग दर्ता प्रमाण-पत्र भएको वा स्वीकृति पश्चात् दर्ता गर्ने प्रतिबद्धता भएको हुनुपर्ने।

३. व्यावसायिक योजना (Business Plan) स्पष्ट र सम्भाव्य भएको हुनुपर्ने।

४. विगतमा गाउँपालिका वा अन्य सरकारी निकायबाट सोही शीर्षकमा दोहोरो अनुदान नलिएको घोषणा गरेको हुनुपर्ने।

**८. आवेदन आह्वान र प्रक्रिया**

(१) गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको प्रथम चौमासिकभित्र आम सूचना जारी गरी आवेदन आह्वान गर्नेछ।

(२) इच्छुक उद्यमी, समूह वा सहकारीले अनुसूची-१ बमोजिमको ढाँचामा देहायका कागजात संलग्न गरी सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको उद्योग विकास शाखामा आवेदन पेस गर्नु पर्नेछ:

क) नागरिकताको प्रतिलिपि।

ख) संस्था/फर्म दर्ता र नवीकरणको प्रतिलिपि (भएमा)।

ग) अनुसूची-२ बमोजिमको संक्षिप्त व्यावसायिक योजना।

घ) जग्गा धनीपुर्जाको प्रतिलिपि वा भाडामा लिने भए कम्तीमा ५ वर्षको सम्झौता पत्र।

ङ) वडा कार्यालयको सिफारिस पत्र।

[आवेदन पेस] ➔ [वडा कार्यालयको सिफारिस] ➔ [प्राविधिक मूल्याङ्कन] ➔ [आर्थिक विकास समितिको निर्णय] ➔ [कार्यपालिकाको निर्णय] ➔ [सम्झौता र अनुदान]

**९. छनोटका आधारहरू**

प्राविधिक मूल्याङ्कन समितिले देहायका अङ्कभारका आधारमा आवेदकहरूको मूल्याङ्कन गर्नेछ:

| क्र.सं. | मूल्याङ्कनको आधार | अधिकतम अङ्क |
|---|---|---|
| १ | स्थानीय कच्चा पदार्थ र प्रविधिको प्रयोग | २० |
| २ | प्रत्यक्ष रोजगार सिर्जना क्षमता | २० |
| ३ | व्यावसायिक योजनाको सम्भाव्यता र दिगोपना | २५ |
| ४ | लक्षित वर्ग (महिला, दलित, विपन्न, अपाङ्गता) को सहभागिता | १५ |
| ५ | उद्यमीको स्वयं लगानी (Matching Fund) को अनुपात | १० |
| ६ | वातावरणमैत्री र नवीन अवधारणा | १० |
| **कुल** | | **१००** |

## परिच्छेद – ५: अनुदान, सहुलियत तथा वित्तीय व्यवस्थापन

### १०. अनुदान तथा वित्तीय सहयोगको ढाँचा

(१) स्वीकृत उद्योगहरूलाई गाउँपालिकाले देहाय बमोजिमको अनुदान वा सहायता उपलब्ध गराउन सक्नेछ:

क) **पूर्वाधार विकास सहयोग:** पहुँचमार्ग, विद्युतीकरण, खानेपानी तथा भवन निर्माणमा अधिकतम ५०% सम्म वा बढीमा रु. २,०००,०००/- (दुई लाख) सम्म पूँजीगत अनुदान।

ख) **मेसिनरी तथा उपकरण अनुदान:** मेसिनरी खरिदमा सूचीकृत आपूर्तिकर्ता वा खरिद बिलका आधारमा ३०% देखि ५०% सम्म अनुदान वा बढीमा रु. २,०००,०००/- (दुई लाख) सम्म अनुदान।

ग) **प्रविधि हस्तान्तरण र क्षमता विकास:** उद्यमी तथा श्रमिकहरूलाई नि:शुल्क तालिम र प्राविधिक परामर्श।

**विशेष छुट प्रावधान:** महिला, दलित वा पूर्ण अपाङ्गता भएका व्यक्तिहरूले सञ्चालन गर्ने उद्योगको हकमा मेसिनरी उपकरण खरिदमा थप १०% अनुदान प्रदान गर्न सकिनेछ।

### ११. अनुदान भुक्तानीको किस्ताबन्दी

अनुदान रकम देहायको किस्ता अनुसार किस्ताबन्दीमा भुक्तानी गरिनेछ:

१. **प्रथम किस्ता (३०%):** सम्झौता सम्पन्न भई पूर्वाधार वा मेसिनरी खरिदको प्रक्रिया सुरु भए पश्चात्।

२. **दोस्रो किस्ता (४०%):** मेसिनरी जडान भई उद्योगको निर्माण कार्य ७०% सम्पन्न भएको प्राविधिक प्रतिवेदनका आधारमा।

३. **अन्तिम किस्ता (३०%):** उद्योग पूर्ण रूपमा सञ्चालन भई उत्पादन सुरु भएपछि र अनुगमन समितिको सकारात्मक प्रतिवेदन पश्चात्।

## परिच्छेद – ६: संस्थागत संरचना र समितिको व्यवस्था

### १२. गाउँपालिका स्तरीय निर्देशक समिति

(१) कार्यक्रमको नीतिगत मार्गदर्शन, स्वीकृति र समग्र समन्वयका लागि देहाय बमोजिमको **"एक वडा एक उद्योग निर्देशक समिति"** रहनेछ:

क) **अध्यक्ष, गाउँपालिका** – संयोजक

ख) **उपाध्यक्ष, गाउँपालिका** – सह-संयोजक

ग) **प्रमुख प्रशासकीय अधिकृत** – सदस्य

घ) **सम्बन्धित वडाका वडाध्यक्षहरू** – सदस्य

ङ) **गाउँपालिका स्तरका उद्योग/उद्योग वाणिज्य सङ्घका प्रतिनिधि (१ जना)** – सदस्य

च) **महिला/उद्यमी प्रतिनिधि (१ जना)** – सदस्य

छ) **शाखा प्रमुख वा फोकल पर्सन, उद्यम विकास शाखा** – सदस्य-सचिव

### १३. प्राविधिक मूल्याङ्कन समिति

(१) प्राप्त आवेदनहरूको छानबिन र प्राविधिक सम्भाव्यता अध्ययन गर्न देहाय बमोजिमको प्राविधिक समिति रहनेछ:

क) **प्रमुख प्रशासकीय अधिकृत** – संयोजक

ख) **गाउँपालिकाको इन्जिनियर/प्राविधिक प्रमुख** – सदस्य

ग) **लेखा अधिकृत/प्रमुख** – सदस्य

घ) **उद्योग/कृषि/पशु सेवा शाखा प्रमुख** – सदस्य-सचिव

## परिच्छेद – ७: अनुगमन, मूल्याङ्कन तथा कारबाही

### १४. अनुगमन र समीक्षा

(१) सञ्चालित उद्योगहरूको चौमासिक तथा वार्षिक रूपमा भौतिक र वित्तीय अनुगमन गरिनेछ।

(२) अनुगमन समितिको नेतृत्व उपाध्यक्षले गर्नेछ भने आर्थिक विकास शाखा र वडा प्रतिनिधि अनुगमन टोलीमा रहनेछन्।

**१५. अनुदान फिर्ता र असुली (Violations & Recovery)**

(१) देहायका अवस्थाहरूमा प्रदान गरिएको अनुदान वा वित्तीय सहयोग तुरुन्त रोक्का गरी असुल उपर गरिनेछ:

क) असत्य वा झुटा विवरण पेस गरी अनुदान लिएको प्रमाणित भएमा।

ख) सम्झौता अनुसार उद्योग सञ्चालन नगरी रकम अन्य काममा प्रयोग गरेमा।

ग) तोकिएको समयसीमाभित्र उद्योग सञ्चालनमा नल्याएमा वा बिना कारण बन्द गरेमा।

घ) स्थानीय वातावरण र समाजमा गम्भीर नकारात्मक असर पार्ने कार्य गरेमा।

## परिच्छेद – ८: विविध

**१६. सहकार्य तथा साझेदारी**

गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गर्दा प्रदेश सरकार, सङ्घीय सरकार, घरेलु तथा साना उद्योग कार्यालय, बैंक तथा वित्तीय संस्था, गैरसरकारी संस्था एवं निजी क्षेत्रसँग साझेदारी गर्न सक्नेछ।

**१७. बाधा अड्काउ फुकाउने**

यस कार्यविधि कार्यान्वयन गर्दा कुनै दुविधा वा बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

**अनुसूची १**

**गुराँस गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**रानीमत्ता, दैलेख**

**उद्यम प्रस्ताव (Business Plan) आह्वान सम्बन्धी सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति:** २०८३/..../....

गुराँस गाउँपालिकाको स्वीकृत **"एक वडा, एक उद्योग स्थापना तथा सञ्चालन कार्यविधि, २०८३"** बमोजिम गाउँपालिका भित्र रहेका स्थानीय स्रोत, साधन, कच्चा पदार्थ र प्रविधिको अधिकतम उपयोग गरी स्थानीय स्तरमा उद्यमशीलता विकास, रोजगारी सिर्जना तथा आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने उद्देश्यले **"एक वडा, एक उद्योग"** कार्यक्रम सञ्चालन गर्न लागिएको छ। तसर्थ, गाउँपालिकाका इच्छुक निजी उद्यमी, फार्म, उद्योगी, कृषक समूह, उद्यमी समूह तथा सहकारी संस्थाहरूबाट तोकिएका सर्तहरूको अधीनमा रही **व्यावसायिक कार्ययोजना (Business Plan)** सहित यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिनभित्र** आवेदन पेश गर्न आह्वान गरिन्छ।

**१. प्रस्ताव आह्वान गरिएका सम्भावित क्षेत्रहरू:**

क) **कृषि तथा फलफूल प्रशोधन:** सुन्तला/कागती प्रशोधन, तरकारी प्रशोधन, अल्लो/धागो तथा कपडा उत्पादन आदि।

ख) **पशुपालन तथा दुग्ध व्यवसाय:** दुग्धजन्य पदार्थ प्रशोधन (छुर्पी, घिउ, पनिर), दाना उद्योग, मासु प्रशोधन आदि।

ग) **वन तथा जडीबुटी आधारित:** स्थानीय जडीबुटी प्राथमिक प्रशोधन, बाँस/काठजन्य सामग्री तथा हस्तकला उद्योग।

घ) **अन्य:** स्थानीय कच्चा पदार्थमा आधारित साना, घरेलु तथा साना प्रशोधन उद्योगहरू।

**२. आवेदनका लागि आवश्यक योग्यतातर्फ:**

क) गुराँस गाउँपालिकाका स्थायी बासिन्दा वा गाउँपालिकाभित्र नियमानुसार दर्ता भई सञ्चालनमा रहेका/हुने उद्यमी, फर्म, समूह वा सहकारी।

ख) उद्योग सञ्चालनका लागि आवश्यक स्थानीय कच्चा पदार्थको प्रचुरता र उपलब्धता भएको हुनुपर्ने।

ग) स्थानीय व्यक्तिहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारी दिने प्रस्ट योजना भएको।

**३. आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू:**

क) तोकिएको ढाँचामा भरिएको निवेदन र व्यावसायिक कार्ययोजना (Business Plan)।

ख) फर्म/उद्योग/सहकारी दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण सहित)।

ग) स्थायी लेखा नम्बर (PAN/VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि।

घ) सञ्चालक/मुख्य उद्यमीको नागरिकताको प्रतिलिपि।

ङ) समूह/सहकारीको हकमा उद्योग सञ्चालन गर्ने सम्बन्धी कार्यसमितिको बैठकको निर्णय।

च) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

**४. अनुदान तथा सहयोग:**

छनोट भएका उद्योगहरूलाई कार्यविधि बमोजिम **मेसिनरी/औजार खरिद, भौतिक पूर्वाधार निर्माणमा अनुदान, प्रविधि हस्तान्तरण, क्षमता विकास तालिम तथा कर/शुल्कमा छुट** उपलब्ध गराइनेछ।

**५. प्रस्ताव पेश गर्ने स्थान र समय:**

क) **पेश गर्ने स्थान:** गुराँस गाउँपालिकाको कार्यालय (उद्यम विकास शाखा/आर्थिक विकास शाखा), रानीमत्ता, दैलेख।

ख) **अन्तिम मिति:** २०८३/..../.... गते कार्यालय समयभित्र।

*(नोट: म्याद नाघि आएका वा रित नपुगेका प्रस्तावहरू माथि कुनै कारबाही गरिने छैन।)*

## अनुसूची २

**"एक वडा, एक उद्योग"** का लागि उद्यमी/फर्म/सहकारीले पेस गर्ने **आवेदन / निवेदन फाराम**

**मिति:** २०८३/..../....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

गुराँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

रानीमत्ता, दैलेख।

**विषय: "एक वडा, एक उद्योग" कार्यक्रम अन्तर्गत अनुदान/सहयोगका लागि आवेदन सम्बन्धमा।**

महोदय,

गाउँपालिकाबाट प्रकाशित **"एक वडा, एक उद्योग"** कार्यक्रम सञ्चालन सम्बन्धी सार्वजनिक सूचना अनुसार मेरो/हाम्रो **"............................................................."** उद्योग/फर्म/सहकारीलाई उक्त कार्यक्रम अन्तर्गत सूचीकृत गरी अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराई पाउन यो निवेदन पेस गरेको छु/छौं।

उद्योग/फर्म सम्बन्धी संक्षिप्त विवरण तथा संलग्न कागजातहरू निम्नानुसार रहेका छन्:

**१. उद्यमी/फर्म/संस्थाको विवरण:**

क) उद्योग/फर्म/सहकारीको नाम: ..........................................................................

ख) प्रस्तावित उद्योगको ठेगाना: गुराँस गाउँपालिका, वडा नं. ......, ............................... (गाउँ/टोल)

ग) मुख्य उद्यमी/सञ्चालकको नाम: ..........................................................................

घ) बाबु/पतिको नाम: ..........................................................................

ङ) स्थायी ठेगाना: ..........................................................................

च) नागरिकता नं. र जारी मिति/जिल्ला: ..........................................................................

छ) सम्पर्क मोबाइल नं.: ................................... इमेल: ...................................

**२. उद्योगको संक्षिप्त विवरण:**

क) उद्योगको प्रकृति: (उदा: कृषि/प्रशोधन/पशुपालन/जडीबुटी/हस्तकला/अन्य) ......................................

ख) मुख्य उत्पादन/सेवा: ..........................................................................

ग) मुख्य कच्चा पदार्थ (स्थानीय हो/होइन): ..........................................................................

घ) अनुमानित कुल लागत (रु.): रु. ...............................

ङ) गाउँपालिकाबाट माग गरिएको अनुदान रकम (रु.): रु. ...............................

च) उद्यमीको आफ्नै/निजी लगानी (रु.): रु. ...............................

छ) अनुमानित प्रत्यक्ष रोजगारी सङ्ख्या: ...... जना (महिला: ......, पुरुष: ......)

**३. संलग्न गरिएका आवश्यक कागजातहरू:**

क) तोकिएको ढाँचामा तयार पारिएको **व्यावसायिक कार्ययोजना (Business Plan)**

ख) उद्योग/फर्म/सहकारी दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण सहित)

ग) स्थायी लेखा नम्बर (PAN/VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि

घ) मुख्य उद्यमी/सञ्चालकको नागरिकताको प्रतिलिपि

ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

च) समूह/सहकारीको हकमा उद्योग सञ्चालन गर्ने कार्यसमितिको निर्णयको प्रतिलिपि

**४. प्रतिबद्धता:**

यस निवेदनमा र साथमा संलग्न व्यावसायिक कार्ययोजनामा उल्लेखित सम्पूर्ण विवरणहरू सत्य-तथ्य छन्। गाउँपालिकाको **"एक वडा, एक उद्योग स्थापना तथा सञ्चालन कार्यविधि, २०८३"** र गाउँपालिकासँग हुने सम्झौताका सर्तहरू पूर्ण रूपमा पालना गर्न म/हामी मञ्जुर छौँ।

**निवेदक (सञ्चालक/उद्यमी):**

दस्तखत: ..........................................

नाम: ...............................................

पद: .................................................

फर्म/संस्थाको छाप (भएमा):

## अनुसूची ३

## व्यावसायिक कार्ययोजना (Business Plan)

**१. सामान्य विवरण**

क) **उद्योग/फर्मको नाम:**

ख) **उद्योगको प्रकार:** *(उदा: कृषि तथा फलफूल प्रशोधन / दुग्धजन्य / जडीबुटी / हस्तकला / पशुपालन आदि)*

ग) **प्रस्तावित ठेगाना:** गुराँस गाउँपालिका, वडा नं. ......, ...................... (गाउँ/टोल)

घ) **उद्यमी/प्रवर्द्धकको नाम:**

ङ) **सम्पर्क नं. र इमेल:**

च) **सञ्चालकको संरचना:** *(व्यक्तिगत फर्म / साझेदारी / कृषक समूह / सहकारी)*

**२. उद्योगको पृष्ठभूमि र औचित्य**

क) **उद्योग स्थापना गर्नुको उद्देश्य:** *(स्थानीय स्रोतको उपयोग, रोजगारी सिर्जना, आयआर्जन आदि)*

ख) **स्थान छनोटको कारण:** *(उक्त वडामा सो उद्योग स्थापना गर्नुको औचित्य र सम्भाव्यता)*

**३. उत्पादन तथा सेवाको विवरण**

क) **मुख्य उत्पादन वा सेवाहरू:** *(उदा: सुन्तलाको जुस/ज्याम, छुर्पी/घिउ, अल्लोको कपडा, जडीबुटी प्रशोधित तेल आदि)*

ख) **उत्पादन प्रक्रिया:** *(कच्चा पदार्थ सङ्कलनदेखि तयारी वस्तु बन्नेसम्मको सङ्क्षिप्त विवरण)*

ग) **वार्षिक उत्पादन लक्ष्य:** *(पहिलो वर्ष, दोस्रो वर्ष र तेस्रो वर्षको सम्भावित उत्पादन परिमाण)*

**४. कच्चा पदार्थ र प्रविधि**

क) **आवश्यक कच्चा पदार्थ र उपलब्धता:** *(स्थानीय स्तरमा पाइने कच्चा पदार्थ र बाहिरबाट ल्याउनुपर्ने सामान)*

ख) **आवश्यक मेसिनरी तथा औजारहरू:** *(खरिद गर्नुपर्ने मुख्य मेसिन/प्रविधिको सूची)*

ग) **बिजुली, पानी र भवनको व्यवस्था:** *(स्थानीय पूर्वाधारको स्थिति)*

**५. बजार तथा बिक्री रणनीति**

क) **लक्षित बजार:** *(गुराँस गाउँपालिका भित्र, दैलेख सदरमुकाम, सुर्खेत, नेपालगन्ज वा राष्ट्रिय बजार)*

ख) **प्रतिस्पर्धीहरू:** *(बजारमा रहेका उस्तै प्रकृतिका अन्य उद्योग र तिनको तुलनामा आफ्नो विशेषता)*

ग) **बिक्री तथा बजारीकरण माध्यम:** *(स्थानीय खुद्रा पसल, सहकारी, अनलाइन वा थोक विक्रेता)*

**६. मानव संसाधन (रोजगारी) योजना**

क) **दक्ष तथा अदक्ष कामदारको सङ्ख्या:**

- **पूर्णकालीन रोजगारी:** ...... जना (महिला: ......, पुरुष: ......, स्थानीय: ......)
- **अंशकालीन/मौसमी रोजगारी:** ...... जना

**७. वित्तीय योजना (Financial Plan)**

**(क) शुरुवाती पुँजी/लागत अनुमान:**

| **क्र.सं.** | **शीर्षक** | **अनुमानित रकम (रू.)** |
|---|---|---|
| १ | मेसिनरी तथा औजार खरिद | |
| २ | भवन/संरचना निर्माण वा मर्मत | |
| ३ | कच्चा पदार्थ खरिद (सुरुवाती) | |
| ४ | दर्ता, अनुमति र प्रशासनिक खर्च | |
| ५ | कार्यसञ्चालन पुँजी (Working Capital) | |
| **जम्मा लागत** | | **रु. ...................** |

**(ख) वित्तीय स्रोतको स्रोत (Source of Funds):**

१. **आफ्नो/निजी लगानी:** रू. .................... (......%)

२. **गुराँस गाउँपालिकाबाट माग गरिएको अनुदान:** रू. .................... (......%)

३. **बैंक/सहकारी ऋण (आवश्यक परेमा):** रू. .................... (......%)

**(ग) वार्षिक आम्दानी तथा खर्चको अनुमान (पहिलो वर्ष):**

१. **अनुमानित वार्षिक बिक्री/आम्दानी:** रू. ....................

२. **अनुमानित वार्षिक खर्च (कच्चा पदार्थ, ज्याला, भाडा, बिजुली आदि):** रू. ....................

३. **अनुमानित खुद मुनाफा:** रू. ....................

**८. जोखिम विश्लेषण र न्यूनीकरणका उपाय**

क) **सम्भावित जोखिमहरू:** *(कच्चा पदार्थको अभाव, बजारको मन्दी, प्रविधिको समस्या आदि)*

ख) **समाधानका उपायहरू:** *(कच्चा पदार्थको भण्डारण, वैकल्पिक बजार खोजी, सीपमूलक तालिम आदि)*

**प्रस्ताव पेश गर्नेको दस्तखत:** ..........................

**नाम:** ....................................................

**मिति:** २०८३/..../....

## अनुसूची ४

## सम्झौता पत्र (Agreement)

**प्रथम पक्ष:** गुराँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बेली, दैलेख (यसपछि **"गाउँपालिका"** भनिएको)।

**दोस्रो पक्ष:** श्री ............................................................ (फर्म/उद्योग/सहकारीको नाम), गुराँस गाउँपालिका, वडा नं. ...... (यसपछि **"उद्यमी/प्रथम सञ्चालक"** भनिएको)।

गुराँस गाउँपालिकाको स्वीकृत **"एक वडा एक उद्योग स्थापना तथा सञ्चालन कार्यविधि, २०८३"** बमोजिम **"............................................................"** उद्योग स्थापना तथा सञ्चालनका लागि दुवै पक्ष बीच देहायका सर्तहरूको अधीनमा रही यो सम्झौता गरिएको छ।

### १. सम्झौताको विषय र रकम:

(क) दोस्रो पक्षले पेस गरेको स्वीकृत व्यावसायिक कार्ययोजना (Business Plan) अनुसार गुराँस गाउँपालिका वडा नं. ...... मा उद्योग स्थापना तथा सञ्चालन गर्नेछ।

(ख) उक्त उद्योग सञ्चालनका लागि गाउँपालिकाले स्वीकृत बजेट अनुसार कुल अनुदान रकम रु. ................../- (अक्षरेपी: ............................................................ मात्र) शर्तबन्दीमा उपलब्ध गराउनेछ।

### २. अनुदान किस्ता भुक्तानी प्रक्रिया:

क) **प्रथम किस्ता (३०%):** सम्झौता सम्पन्न भई पूर्वाधार/मेसिनरी खरिद प्रक्रिया सुरु गरेपश्चात्।

ख) **दोस्रो किस्ता (५०%):** मेसिनरी/औजार जडान भई कार्यप्रगतिको स्थलगत निरीक्षण र अनुगमन प्रतिवेदनका आधारमा।

ग) **अन्तिम किस्ता (२०%):** उद्योग पूर्ण रूपमा सञ्चालनमा आई उत्पादन तथा बजारीकरण सुरु भएपश्चात् र अन्तिम भुक्तानी प्रतिवेदन पेस गरेपछि।

### ३. दोस्रो पक्ष (उद्यमी) को कर्तव्य र जिम्मेवारी:

क) स्वीकृत कार्ययोजना अनुसार तोकिएको समयसीमा (मिति २०८३/..../....) भित्र उद्योग स्थापना गरी सञ्चालनमा ल्याउनुपर्नेछ।

ख) प्राप्त अनुदान रकम सम्बन्धित उद्योगको पूर्वाधार, मेसिनरी खरिद वा तोकिएका शीर्षकमा मात्र खर्च गर्नुपर्नेछ।

ग) उद्योगमा मुख्य रूपमा **स्थानीय कच्चा पदार्थ** र **स्थानीय जनशक्ति/श्रमिक**लाई प्राथमिकता दिनुपर्नेछ।

घ) गाउँपालिका वा अनुगमन समितिले मागेको समयमा लेखा, विल-भर्पाई तथा प्रगति विवरण उपलब्ध गराउनुपर्नेछ।

ङ) सम्झौता भएको मितिले कम्तीमा ...... वर्षसम्म अनिवार्य रूपमा उद्योग निरन्तर सञ्चालन गर्नुपर्नेछ।

**४. प्रथम पक्ष (गाउँपालिका) को अधिकार र भूमिका:**

क) कार्यविधि अनुसार तोकिएको अनुदान रकम समयमा किस्ताबन्दी रूपमा उपलब्ध गराउने।

ख) उद्यमीलाई आवश्यक पर्ने प्राविधिक सहयोग, सीपमूलक तालिम तथा बजारीकरणमा सहजीकरण गर्ने।

ग) अनुगमन समिति मार्फत उद्योगको सञ्चालन, गुणस्तर र अनुदानको सदुपयोग सम्बन्धी स्थलगत निरीक्षण गर्ने।

**५. सम्झौता रद्द तथा रकम असुली सम्बन्धी व्यवस्था:**

क) दोस्रो पक्षले झुट्टा विवरण पेस गरी अनुदान लिएको पाइएमा वा प्राप्त अनुदान रकम अन्य काममा दुरुपयोग गरेमा सम्झौता रद्द गरी दिइएको रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

ख) बिना कुनै व्यावहारिक कारण उद्योग सञ्चालन नगरी बीचैमा छाडेमा प्राप्त सम्पूर्ण अनुदान फिर्ता गर्नुपर्नेछ।

**६. सम्झौता अवधि:**

यो सम्झौता मिति २०८३/..../.... देखि लागू भई मिति २०८..../..../.... सम्म कायम रहनेछ।

**रोहवर तथा रोहवरका साक्षीहरू:**

| **प्रथम पक्षको तर्फबाट (गाउँपालिका):** | **दोस्रो पक्षको तर्फबाट (उद्यमी/प्रवर्द्धक):** |
|---|---|
| दस्तखत: ..................................... | दस्तखत: ..................................... |
| नाम: .......................................... | नाम: .......................................... |
| पद: प्रमुख प्रशासकीय अधिकृत / शाखा प्रमुख | पद/फर्मको नाम: ........................... |
| मिति: २०८३/..../.... | नागरिकता नं.: .............................. |
| | मिति: २०८३/..../.... |

**साक्षीहरू:** १. नाम/दस्तखत (सम्बन्धित वडाध्यक्ष): ...........................................

२. नाम/दस्तखत (उद्योगका प्रतिनिधि/साक्षी): ............................................

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत